## सुदूरपश्चिम प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय बीच शैक्षिक कार्यक्रम सञ्चालन सम्बन्धी

## सम्झौता पत्र (MOU)

**प्रस्तावना:** शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयद्वारा सञ्चालन गरिने स्वास्थ्य विज्ञानका शैक्षिक कार्यक्रमहरूको क्लिनिकल अध्ययन, अध्यापन, अनुसन्धान तथा स्वास्थ्य सेवा सुदृढीकरणका लागि प्रदेशमा उपलब्ध विद्यमान जनशक्ति, भौतिक पूर्वाधार तथा स्रोतसाधनको अधिकतम एवं प्रभावकारी उपयोग गर्दै प्रदेश सरकार मातहतका सेती प्रादेशिक अस्पताल, महाकाली प्रादेशिक अस्पताल, लम्कीचुहा प्रादेशिक अस्पताल र टिकापुर अस्पताललाई शिक्षण अस्पतालको रुपमा प्रयोग गर्ने सन्दर्भमा प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय (यसपछि प्रथम पक्ष भनिने) र शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय (यसपछि दोस्रो पक्ष भनिने) बीच,

सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८३।०४।२१ गतेको निर्णय तथा शहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय ऐन, २०८२ को दफा २० को उपदफा (२) को अधिकार प्रयोग गरी यो सम्झौता गरिएको छ ।

### परिच्छेद—१

१. **संक्षिप्त नाम र प्रारम्भ:** (क) यस सम्झौताको नाम "शिक्षण अस्पतालको रुपमा उपयोग गर्ने सम्बन्धी सम्झौता, २०८३" रहनेछ।

(ख) यो सम्झौता हस्ताक्षर भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस सम्झौतामा,-

(क) “विश्वविद्यालय” भन्नाले शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सम्झनु पर्छ ।

(ख) “अस्पताल” भन्नाले सेती प्रादेशिक अस्पताल, महाकाली प्रादेशिक अस्पताल, लम्कीचुहा प्रादेशिक अस्पताल र टिकापुर अस्पताल सम्झनु पर्छ।

(ग) “विद्यार्थी” भन्नाले विश्वविद्यालयमा अध्ययनरत विद्यार्थी सम्झनु पर्छ।

(घ) “क्लिनिकल प्रशिक्षण” भन्नाले अस्पतालमा गराइने सैद्धान्तिक तथा प्रयोगात्मक अभ्यास सम्झनु पर्छ ।

(ङ) “प्रदेश” भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

(च) “मन्त्रालय” भन्नाले प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

### परिच्छेद—२

३. **उद्देश्य:** यो सम्झौताको उद्देश्य देहायबमोजिम रहेका छन् :-

(क) चिकित्सा शिक्षा आयोगबाट सञ्चालन स्वीकृती प्राप्त MBBS लगायतका स्नातक, स्नातकोत्तर र DM/MCH तथा PHD स्तरका स्वास्थ्य विज्ञानका शैक्षिक कार्यक्रम सञ्चालनमा सहकार्य गर्नु,

(ख) गुणस्तरीय क्लिनिकल शिक्षा प्रदान गर्नु,

(ग) अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको शैक्षिक तथा व्यावसायिक क्षमता अभिवृद्धि गर्नु,

(घ) अनुसन्धान तथा नवप्रवर्तन प्रवर्द्धन गर्नु,

(ङ) स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्नु, र

(च) दक्ष स्वास्थ्य जनशक्ति उत्पादन गर्नु।

## परिच्छेद—३

४. **शिक्षण अस्पतालको रुपमा उपयोग गरिने:** प्रदेश सरकार मातहत रहेका सेती प्रादेशिक अस्पताल, महाकाली प्रादेशिक अस्पताल, लम्कीचुहा प्रादेशिक अस्पताल र टिकापुर अस्पताललाई विश्वविद्यालयको शिक्षण अस्पतालको रुपमा उपयोग गर्न प्रथम पक्ष सहमत छ ।

५. **दोस्रो पक्ष (विश्वविद्यालय) को दायित्व:** विश्वविद्यालयले प्रदेश मातहतका अस्पताललाई शिक्षण अस्पतालको रुपमा प्रयोग गर्दा देहायका दायित्व पूरा गर्नु पर्नेछ:-

(क) अस्पतालहरूलाई शिक्षण अस्पतालका रूपमा मान्यता प्रदान गर्ने,

(ख) विश्वविद्यालयलाई आवश्यक पर्ने जनशक्तिका लागि अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सक तथा स्वास्थ्यकर्मी मध्ये योग्यता पुगेका चिकित्सक तथा स्वास्थ्यकर्मीलाई विश्वविद्यालयको फ्याकल्टी पद प्रमाणिकरण गर्ने नियमानुसार शिक्षकको पदनाम प्रदान गर्ने, (विभागीय चिकित्सकहरुको पद प्रमाणिकरण गर्दा बरिष्ठता र योग्यतालाई आधार लिनुपर्नेछ।)

(ग) अस्पतालमा शैक्षिक तथा प्रयोगात्मक कार्यक्रममा संलग्न शिक्षकहरूलाई विश्वविद्यालयको प्रचलित नियमानुसार पारिश्रमिक तथा भत्ता उपलब्ध गराउने,

(घ) अस्पतालमा कार्यरत शिक्षक तथा स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि तथा Faculty Development कार्यक्रम सञ्चालन गर्ने गराउने,

(ङ) शैक्षिक गतिविधि सञ्चालन तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि अस्पतालहरूलाई विश्वविद्यालयको प्रचलित कानून तथा उपलब्ध स्रोत–साधनको सीमाभित्र रही आवश्यक आर्थिक तथा प्राविधिक सहयोग गर्ने,

(च) विद्यार्थीहरूको शैक्षिक कार्यक्रम सम्बन्धमा स्पष्ट कार्यविधि/निर्देशिका तयार गरी Supervision and Monitoring को प्रभावकारी व्यवस्था मिलाउने,

(छ) अध्ययन–अध्यापनमा प्रयोग हुने भौतिक पूर्वाधार, शैक्षिक सामग्री, प्रयोगात्मक औजार तथा उपकरण, पुस्तकालय निर्माणलगायत सूचना प्रविधिमैत्री शैक्षिक वातावरण विकास गर्न अस्पताललाई आवश्यक सहयोग गर्ने, र

(ज) अस्पतालसँग नियमित शैक्षिक, क्लिनिकल तथा प्रशासनिक समन्वय कायम गर्ने ।

६. **<u>प्रथम पक्ष (मन्त्रालय) को दायित्वः</u>** मन्त्रालयको दायित्व देहायबमोजिम हुनेछः-

(क) अस्पतालहरूलाई विश्वविद्यालयको शैक्षिक कार्यक्रम सञ्चालनका लागि शिक्षण अस्पतालका रूपमा प्रयोग गर्न आवश्यक समन्वय तथा सहजीकरण गर्ने,

(ख) अस्पतालमा विद्यार्थीहरूको Clinical Posting, Training तथा अन्य शैक्षिक गतिविधि सञ्चालनका लागि आवश्यक प्रशासनिक तथा व्यवस्थापकीय सहजीकरण गर्ने,

(ग) अस्पतालमा कार्यरत दक्ष विशेषज्ञ चिकित्सक तथा सम्बन्धित स्वास्थ्यकर्मीलाई विश्वविद्यालयको प्रचलित नियम तथा सम्बन्धित नियामक निकायको मापदण्डबमोजिम Faculty/Teacher का रूपमा शैक्षिक कार्यक्रममा संलग्न गराउन आवश्यक सहजीकरण गर्ने,

(घ) अस्पतालको नियमित स्वास्थ्य सेवा प्रवाहमा प्रतिकूल असर नपर्ने गरी शैक्षिक, क्लिनिकल तथा अनुसन्धानात्मक गतिविधि सञ्चालनका लागि आवश्यक समन्वय कायम गर्ने,

(ङ) अस्पतालको सेवा प्रवाह, स्वास्थ्यसम्बन्धी अभिलेख व्यवस्थापन, बिरामीको गोपनीयता, व्यावसायिक आचारसंहिता तथा Medical Ethics सम्बन्धी प्रचलित कानूनी एवं संस्थागत व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सहजीकरण तथा सुपरिवेक्षण गर्ने,

(च) प्रदेश सरकारअन्तर्गतका अस्पतालहरूलाई शिक्षण, प्रशिक्षण, अनुसन्धान तथा नवप्रवर्तनमैत्री वातावरणका रूपमा विकास गर्न विश्वविद्यालयसँग आवश्यक समन्वय तथा सहकार्य गर्ने,

(छ) शिक्षण अस्पतालको रूपमा अस्पतालको क्षमता अभिवृद्धि गर्न आवश्यक पूर्वाधार, जनशक्ति, उपकरण तथा अन्य स्रोतसाधनको उपलब्धताका लागि आवश्यक पहल तथा समन्वय गर्ने,

(ज) विश्वविद्यालय र अस्पतालबीच शैक्षिक, प्रशासनिक, क्लिनिकल तथा अनुसन्धान वा अन्य कुनै विषयमा उत्पन्न हुन सक्ने समस्याको समाधानका लागि समन्वयकारी भूमिका निर्वाह गर्ने, र

(झ) मन्त्रालय, विश्वविद्यालय र अस्पतालबीच अर्धबार्षिक समन्वयात्मक बैठक आयोजना गर्ने ।

७. **<u>अस्पतालको दायित्वः</u>** शिक्षण अस्पतालको रूपमा प्रयोग गरिने अस्पतालको दायित्व देहायबमोजिम हुनेछः-

(क) OPD, IPD, OT, ICU, Emergency लगायत सबै विभागमा विश्वविद्यालयलाई क्लिनिकल अभ्यासको स्थान र अवसर उपलब्ध गराउने,

(ख) विश्वविद्यालयको प्रचलित पाठ्यक्रम, निर्देशिका तथा मापदण्डअनुसार शैक्षिक कार्यक्रम र स्वास्थ्य सेवा प्रवाहको आन्तरिक व्यवस्थापन गर्ने,

(ग) अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सक तथा स्वास्थ्यकर्मीलाई तोकिएको शिक्षक/प्रशिक्षकको भूमिकाअनुसार शैक्षिक कार्यक्रम सञ्चालनमा परिचालन गर्ने,

(घ) विद्यार्थीहरूलाई अस्पतालको नियम, कार्यविधि, आचारसंहिता, स्वास्थ्य सेवा प्रवाह प्रणाली तथा सम्बन्धित विभागको कार्यप्रणालीबारे आवश्यक अभिमुखीकरण गर्ने गराउने,

(ङ) विद्यार्थीहरूलाई Clinical Posting का क्रममा बिरामी तथा बिरामीका अभिभावकको मर्यादा, गोपनीयता र अधिकारको सम्मान गर्दै प्रचलित कानून, नियम, पेशागत मर्यादा(Professional Ethics) तथा अस्पतालको आचारसंहिताको पालना गर्न आवश्यक निर्देशन तथा सुपरिवेक्षण गर्ने,

(च) अस्पतालमा उपलब्ध उपकरण, प्रयोगशाला, पुस्तकालय तथा अन्य आवश्यक शैक्षिक/क्लिनिकल स्रोतसाधनहरू शैक्षिक प्रयोजनका लागि प्रयोग गर्न दिने,

(छ) विद्यार्थीहरूलाई बिरामीको प्रत्यक्ष परीक्षण, उपचार वा कुनैपनि चिकित्सकीय प्रक्रिया गर्दा सम्बन्धित विषयका शिक्षक/विशेषज्ञ चिकित्सक वा तोकिएको स्वास्थ्यकर्मीको प्रत्यक्ष सुपरिवेक्षणमा गर्न दिने,

(ज) विद्यार्थीहरूको Clinical Posting तथा अन्य शैक्षिक गतिविधिका कारण अस्पतालको नियमित स्वास्थ्य सेवा प्रवाहमा प्रतिकूल असर नपर्ने गरी आवश्यक समन्वय र व्यवस्थापन गर्ने, र

(झ) विद्यार्थीहरूको उपस्थिति, अनुशासन, कार्यसम्पादन तथा व्यावसायिक आचरणसम्बन्धी विषयमा विश्वविद्यालयसँग आवश्यक समन्वय गरी सुधारात्मक तथा अनुशासनात्मक कार्यमा सहकार्य गर्ने ।

## <u>परिच्छेद–४</u>

८. **<u>फ्याकल्टी परिचालनः</u>** (१) विश्वविद्यालयद्वारा पद प्रमाणिकरण भएका फ्याकल्टीहरुलाई शैक्षिक कार्यक्रम संचालन भएपश्चात आवश्यकता अनुसार विद्यार्थीहरुको पठन पाठनका लागि अस्पतालभित्र वा बाहिर अस्पतालको समन्वयमा परिचालन गरिनेछ ।

***<u>स्पष्टिकरणः</u>*** *"बाहिर" भन्नाले विद्यार्थीहरुलाई क्लिनिकल पोष्टिङ्गका लागि सुदूरपश्चिम प्रदेश भित्रका प्रथम पक्षको अस्पताल भन्दा बाहिरका स्वास्थ्य संस्था वा समुदाय सम्झनु पर्नेछ ।*

(२) आवश्यकताअनुसार संयुक्त रूपमा शिक्षक परिचालन गरिनेछ।

९. **<u>विद्यार्थीको आचारसंहिताः</u>** विद्यार्थीले अस्पतालमा शिक्षण अभ्यासका क्रममा देहायका आचारसंहिताको पालना गर्नु पर्नेछः-

(क) अस्पतालको नियम पालना गर्ने,

(ख) बिरामीको गोपनीयता कायम गर्ने,

(ग) अस्पतालको सम्पत्तिको संरक्षण गर्ने,

(घ) व्यावसायिक आचरण पालना गर्ने,

(ङ) नेपाल सरकार तथा प्रदेश सरकारका प्रचलित कानून पालना गर्ने ।

## परिच्छेद—५

१०. **अनुसन्धान तथा जर्नल प्रकाशन:** (१) दोस्रो पक्षले स्थापना गरेको Institutional Review Committee(IRC) मा अस्पतालका प्रतिनिधिहरुलाई समावेश गरिनेछ ।

(२) दोस्रो पक्षले प्रकाशन गर्ने जर्नलमा अस्पतालमा कार्यरत अनुसन्धानकर्ताहरुको लेख रचनालाई प्रकाशन गर्न प्राथमिकता दिइनेछ।

(३) अनुसन्धानका क्रममा बिरामीको व्यक्तिगत तथा स्वास्थ्य सम्बन्धी सूचनाको गोपनियता कायम गर्नुपर्नेछ ।

## परिच्छेद—६

११. **आर्थिक व्यवस्थापन:** (१) विश्वविद्यालयले अस्पताललाई शिक्षण अस्पतालको रुपमा प्रयोग गर्दा अस्पतालसँग उपलब्ध नभएका प्रशासनिक तथा प्राविधिक स्रोतको व्यवस्थापन विश्वविद्यालय स्वयंले गर्नु पर्नेछ।

(२) सम्झौतामा उल्लेख गरिएका शर्त कार्यान्वयनको सन्दर्भमा अस्पताल र प्रदेश सरकारलाई कुनैपनि आर्थिक दायित्व सिर्जना हुने छैन।

१२. **उपकरण तथा पूर्वाधार:** (१) अस्पतालमा रहेका उपकरण र भौतिक पूर्वाधारहरू अस्पतालले विश्वविद्यालयलाई शैक्षिक प्रयोजनमा प्रयोग गर्न दिनु पर्नेछ।

(२) अस्पतालमा रहेका उपकरण तथा सामग्री बाहेक विश्वविद्यालयले आवश्यकता अनुसार अस्पतालमा अतिरिक्त उपकरण तथा भौतिक पूर्वाधारहरू राखी प्रयोग गर्न सक्नेछ।

१३. **अन्य जिम्मेवारी:** (१) अस्पतालमा उपचाररत विरामीको उपचार तथा सेवा प्रवाहसँग सम्बन्धित Clinical Decision Making को अन्तिम जिम्मेवारी अस्पतालबाट तोकिएका सम्बन्धित विशेषज्ञ चिकित्सक तथा क्लिनिकल टिममा रहनेछ ।

(२) विश्वविद्यालयका फ्याकल्टी शिक्षकहरु शैक्षिक तथा प्रशिक्षण सम्बन्धी भूमिकामा संलग्न भएता पनि अस्पतालको औपचारिक क्लिनिकल जिम्मेवारी नतोकिएको अवस्थामा सघनउपचार कक्ष (ICU, NICU, PICU), प्रसुती कक्ष, शल्यक्रिया लगायतका इमर्जेन्सी कक्ष, Critical Areas मा प्रत्यक्ष रुपमा Clinical Decision, उपचार योजना वा आकस्मिक व्यवस्थापनमा हस्तक्षेप वा निर्णय परिवर्तन गर्न पाउने छैनन ।

www.agralekh.com

## परिच्छेद—७

१४. **विवाद समाधानः** (१) अस्पताल र विश्वविद्यालयबीच कुनै विषयमा विवाद उत्पन्न भएमा मन्त्रालयको समन्वय र सहजीकरणमा आपसी छलफलबाट विवादको समाधान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम विवादको समाधान हुन नसकेका विषयमा प्रचलित कानूनबमोजिम हुनेछ।

१५. **सम्झौताको अवधि, संशोधन र भंग गर्न सकिने अवस्थाः** (१) सम्झौताको अवधि २०(बीस) बर्षको हुनेछ। आवश्यकता अनुसार सम्झौताको अवधि नवीकरण गर्न सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकारले समान प्रकृतिको आफ्नै शैक्षिक संस्था वा प्रतिष्ठानको शिक्षण अस्पताल संचालन गर्ने अवस्था भएमा वा अन्य कुनै परिस्थिति आइपरेमा द्विपक्षीय सहमतिका आधारमा एकअर्को पक्षलाई कम्तीमा १ बर्षको पूर्व सूचना दिई सम्झौता भंग गर्न सकिनेछ। सम्झौता भंग गर्नुपर्ने अवस्थामा अस्पतालमा अध्यनरत विद्यार्थीहरुलाई प्रतिकूल नहुने गरी सम्झौता भंग गरिनेछ।

(३) सम्झौता संशोधन वा थपघट गर्नु परेमा दुवै पक्षको आपसी सहमतिका आधारमा गर्न सकिनेछ।

**मन्त्रालय(पहिलो पक्ष)को तर्फबाट हस्ताक्षर गर्नेः**

पदाधिकारीको नामः डा. निरज अर्याल

पदः निमित्त प्रदेश सचिव

मन्त्रालयको छापः

**विश्वविद्यालय(दोस्रो पक्ष)को तर्फबाट हस्ताक्षर गर्नेः**

पदाधिकारीको नामः डा. भीम बहादुर चन्द

पदः रजिष्ट्रार

विश्वविद्यालयको छापः

**रोहवर**

प्रमेसु डा. हेमराज पाण्डे - सेती प्रादेशिक अस्पताल

प्रमेसु डा. जगदीश जोशी - महाकाली प्रादेशिक अस्पताल

प्रमेसु डा. रेम कुमार राई - टिकापुर अस्पताल

निमेसु डा. कमलेश प्रसाद यादव - लम्कीचुहा प्रादेशिक अस्पताल

इति सम्बत् २०८३ साल भाद्र महिना १५ गते रोज २ मा शुभम्.............................